कोशी प्रदेश सरकार
**कोशी प्रादेशिक सञ्चार प्रतिष्ठान**
विराटनगर, नेपाल

कोशी प्रदेश सरकार कोशी प्रादेशिक सञ्चार प्रतिष्ठान विराटनगर, नेपाल

## प्रेस विज्ञप्ति

सुनसरी जिल्लाको देवानगञ्ज गाउँपालिकामा भएको दुःखद घटना र त्यसपछि उत्पन्न संवेदनशील परिस्थितिप्रति कोशी प्रादेशिक सञ्चार प्रतिष्ठानको गम्भीर ध्यानाकर्षण भएको छ। सो घटनामा जीवन गुमाउनुहुनेप्रति प्रतिष्ठान भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ। साथै, शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दै घटनामा घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ।

यस संवेदनशील परिस्थितिमा सम्पूर्ण सञ्चारमाध्यम, पत्रकार, कन्टेन्ट क्रियटर तथा सामाजिक सञ्जाल प्रयोगकर्ताहरूलाई आधिकारिक र विश्वशनीय स्रोतबाट पुष्टि भएका समाचार तथा सूचनाहरू मात्र सम्प्रेषण गर्न प्रतिष्ठान विशेष अनुरोध गर्दछ। सामाजिक उत्तरदायित्व सहितको जिम्मेवार सञ्चारकर्म प्रमुख आवश्यकता हो। कुनै पनि किसिमका भ्रामक सूचना, अफवाह तथा सामाजिक र धार्मिक सद्भावमा प्रतिकुल असर पुऱ्याउने सामग्रीहरू प्रकाशन, प्रसारण वा शेयर नगरिदिनुहुन हार्दिक अनुरोध छ।

पत्रकार आचारसंहिता, प्रचलित कानुन तथा जिम्मेवार पत्रकारिताका मूल्य-मान्यताको पूर्ण पालना गर्दै समाजमा शान्ति, आपसी सद्भाव र सामाजिक एकतालाई सुदृढ बनाउन सबै पक्षबाट संयमतापूर्वक रचनात्मक भूमिका निर्वाह गर्नुहुन अपिल गर्दछौं ।

मितिः २०८३ साल श्रावण १३ गते

लिलाराज भट्टराई
प्रदेश प्रेस रजिष्ट्रार
**प्रदेश प्रेस रजिष्टार**

Email: admin.kpci@gmail.com
Phone No.: 9852004398